नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ७८ | २०७९ साल कात्तिक २ गते बुधबार (19 Oct 2022 Wednesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिगमनको खतरा कायम.. ३ पृष्ठमा : स्थायी शान्ति र लोकतन्त्रका लागि ... ३ पृष्ठमा शान्ति सैनिकमाथि भएका ...

## सप्तरीको २ सय ९५ मतदानस्थल मध्ये २ सय ८ अतिसंवेदनशील, ८३ संवेदनशील



*फायल तस्बिर*

**दैनिक समाचारदाता**
**राजविराज, १ कातिक ।**

मंसिर ४ गते हुन लागेको प्रतिनिधीसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागी सप्तरीमा २ सय ९५ मतदान स्थल तोकिएको छ भने ५ सय ३६ वटा मतदान केन्द्र निर्धारण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी र अनुसन्धान विभागका अधिकारी सहितको बैठकले जिल्लाको सुरक्षा विश्लेशनपछि मतदान स्थललाई तीन तहमा विभाजन गरिएको छ ।

नेपाली सेना सहितको जिल्ला सुरक्षा समन्वय समितीले विभिन्न सुचना, स्थलगत सुरक्षा अध्ययन र विश्लेषण पछि २ सय ८ मतदान स्थललाई अति संवेदनशील, ८३ संवेदनशील र ४ लाई समान्य ठहर गर्दै सोही अनुसारको सुरक्षा प्रबन्ध मिलाउन तयारी गरिएको छ ।

सप्तरीका प्रहरी उपरिक्षक अविनारायण काफ्लेका अनुसार अतिसंवेदनशील मानिएका अधिकांश मतदान स्थल भारतीय सीमा नजिक पर्ने पालिकाहरु छन् । उनले सबै मतदान स्थलमा आवश्यक सुरक्षा प्रबन्ध मतदाताले सोचे भन्दा अब्बल रहने गरी सुरक्षा रणनीती तैयार पारिएको जानकारी दिए ।

उनले स्थानीय प्रशासन, निर्वाचन कार्यालय र सुरक्षा निकायका अधिकारी सम्मिलीत टोलीले सबै मतदान स्थलको भ्रमण र सुरक्षा चुनौती विश्लेषन पछी सोही अनुसारको वर्गीकरण र सुरक्षा योजना तयार पारेको भन्दै मतदातालाई ढुक्क भएर मतदान गर्ने वातावरणका लागी कुनै कसर बाँकि न राखिने दाबी समेत गरे ।

निर्वाचन सुरक्षाका लागी ३ हजार २ सय ७८ म्यादी प्रहरी र १ हजार ६ सय २० नेपाल प्रहरी परिचालन हुने उनले जानकारी दिए । यस बाहेक सेना र सशस्त्र प्रहरी समेत निर्धारण गरिएको घेरा भित्र रहेर सुरक्षा प्रबन्धमा योगदान दिने उनको भनाई छ ।

सुरक्षामा कुनै कमजोरी नहुने दाबी गरेका उनले जिल्लाको विकट मानिएका क्षेत्र सहित नगरका चोक चोकमा हुन सक्ने आपराधिक गतीवधी नियन्त्रणका लागी समेत सुरक्षाकर्मी परिचालन हुने बताए ।

जिल्लामा ४ प्रतिनीधी सभा र ८ प्रदेश सभा सदस्य पदका लागी हुने निर्वाचनमा प्रतिनीधी सभा तर्फ ६९ र प्रदेश सभा तर्फ १ सय ७ गरी १ सय ७६ जना चुनावी प्रतिस्पर्धामा छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लामा कुल मतदाता ४ लाख १८ हजार ३ सय ७४ छन् । जस मध्ये क्षेत्र नं. १ मा सबैभन्दा बढी १ लाख १३ हजार १ सय ९५ छन् । सबै भन्दा कम क्षेत्र नं. २ मा ९५ हजार ३ सय ९४ मतदाता छन् ।

## प्रत्यक्षतर्फ दुई प्रदेशको मतपत्र छपाइ सकियो

काठमाडौँ, १ कात्तिक (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि मतपत्र छपाइ सम्पन्न भएको छ । यी दुई प्रदेशमा रहेका निर्वाचन क्षेत्रसहित हालसम्म यस प्रणालीतर्फ प्रतिनिधिसभाको ३८ र प्रदेश सभाको ८० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको छ ।

यस पटक पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयनपत्र दर्ता भई अन्तिम नामावलीमा कायम उम्मेदवारको निर्वाचन चिन्ह मात्र समावेश गरी मतपत्र छपाइ गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

आयोगले भक्तपुरस्थित जनक

*बाँकी तीन पृष्ठमा*

## चार लाख १२ ले गराए स्वास्थ्य बीमा

जनकपुरधाम, १ कात्तिक (रासस) ।

सरकारले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत मधेस प्रदेशका चार लाखभन्दा बढी व्यक्तिले बीमा गराएका छन् ।

मधेस प्रदेश स्वास्थ्य निर्देशनालय सपही धनुषाद्वारा जनकपुरधाममा आयोजित कार्यक्रममा स्वास्थ्य बीमा बोर्डका प्रादेशिक कार्यालयका प्रमुख मनोज पौडेलले स्वास्थ्य बीमाअन्तर्गत मधेस प्रदेशका चार लाख १२ हजार नौ सय ९४ जनाले बीमा गराएको जानकारी दिनुभयो ।

विसं २०७४ माघ २५ गतेदेखि मधेस प्रदेशमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत मधेस प्रदेशका ६२ लाख जनसङ्ख्यामध्ये करिब सात प्रतिशतले स्वास्थ्य बीमा गराएको प्रमुख पौडेलले बताउनुभयो । उहाँका अनुसार मधेस प्रदेशमा दुई लाख १० हजार सात सय १४ पुरुष र दुई लाख दुई हजार दुई सय ८० महिलाले स्वास्थ्य बीमा गराएका छन् । जिल्लागतरूपमा सबैभन्दा बढी सिरहामा एक लाख पाँच हजार चार सय जनाले बीमा गराएका छन् भने सबैभन्दा कम सर्लाही जिल्लामा २३ हजार छ सय ५५ जनाले बीमा गराएको बीमा बोर्ड प्रादेशिक कार्यालयले जनाएको छ ।

सिरहामा अतिविपन्न समूहमा पर्ने एक हजार आठ सय १४ जनाले बीमा गराएका छन् । मधेस प्रदेशका सरकारी तथा निजी गरेर आठवटै जिल्लामा ४८ वटा स्वास्थ्य संस्थाले बीमा गर्ने गरेको प्रमुख पौडेलले बताउनुभयो । गरिबी, अशिक्षा र प्रचार-प्रसारको कमीलगायतका कारणले मधेस

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

### बसपार्क निर्माणमा कीन ढिलाई ?

सप्तरी सदरमुकाम राजविराजस्थित राजदेवी बस पार्क वर्षैदेखी निर्माण भइरहेको छ। तर अहिलेसम्म निर्माण कार्य पूर्ण भएको छैन्। कुनै न कुनै बहानामा बसपार्क निर्माणमा ढिलाई भइरहेको छ। कहिले जग्गा विवाद त कहिले ठेकेदारको लापरवाही त कहिले डिपिआर अनुसार काम नभएको भन्दै बसपार्क निर्माणमा ढिलाई भइरहेको छ। यसरी बसपार्क निर्माणका क्रममा आइरहेको बाधा अड्चनलाई हटाउन नगरपालिकाले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

यता बस पार्क निर्माणमा भइरहेको ढिलाईका कारण यातायातका साधनहरु बीच बजारमै पार्किङ्ग गर्ने गरेका छन्। नगरको विभिन्न सडकहरुमा जथाभावी हुने गरेको पार्किङका कारण दुर्घटनाको सम्भावना समेत बढ्दै गइरहेको छ भने नगर अव्यस्थित बन्दै गएको छ।

तसर्थ बसपार्कलाई अब ढिलो नगरिकन निर्माण कार्य सम्पन्न गराउनतर्फ नगरपालिकाले ठोस कदम उठाउनुपर्छ। जसले गर्दा नगर व्यवस्थित हुनुका साथै जथाभावी पार्किङका कारण आउने समस्या समेत समाधान हुनेछ।

# प्रतिगमनको खतरा कायम रहँदासम्म गठबन्धनलाई पूर्णरूपमा अगाडि बढाउनुपर्नेछ : अध्यक्ष दाहाल

काठमाडौँ, १ कात्तिक (रासस)।

नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा संविधान, लोकतन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका खातिर गठन भएको वाम लोकतान्त्रिक गठबन्धनलाई विजयी गराउनुपर्ने बताउनुभएको छ।

वाम लोकतान्त्रिक गठबन्धनले मंगलबार ललितपुरमा आयोजना गरेको निर्वाचन परिचालन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले प्रतिगमनको खतरा कायम रहँदासम्म गठबन्धनलाई पूर्णरूपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेकाले आगामी निर्वाचनलाई सामान्यरूपमा लिन नहुने बताउनुभयो।

निर्वाचनमा प्रष्टरूपमा दुई वटा गठबन्धन रहेको उल्लेख गर्दै उहाँले ती गठबन्धनको मुख्य कुरा के हो भन्ने जनतालाई बुझाउनुपर्ने स्पष्ट पार्नुभयो। उहाँले विस्तृत शान्ति सम्झौता, संविधानसभाबाट संविधान हुँदै अगाडि बढेको नेपालको राजनीतिक परिवर्तनको प्रक्रियालाई अगाडि बढाउन पनि गठबन्धन अत्यावश्यक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यो सामान्य खालको चुनाव होइन, यो एउटा पार्टीले जित्ने र हार्ने भन्ने मात्रै छैन। यहाँ परिवर्तन र जनताले जित्ने कि प्रतिगमन र जनविरोधीले जित्ने भन्ने कुरा हो।"

अध्यक्ष दाहालले वाम लोकतान्त्रिक गठबन्धन परिवर्तनको पक्षमा तथा संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि खडा भएको र अर्को गठबन्धन जनविरोधी र प्रतिगमनका पक्षधर रहेको आरोप लगाउनुभयो।

उहाँले विपक्षी गठबन्धनले तालमेल भने पनि खासमा त्यो गठबन्धन नै रहेको भन्दै त्यहाँ रहेका अनुहार र प्रवृत्ति कस्ता छन् भन्ने कुरा पनि स्पष्ट रहेको बताउनुभयो। उहाँले भन्नुभयो "अर्को गठबन्धन र हाम्रो गठबन्धन कस्तो छ भन्ने कुरा प्रष्ट छ। संविधानको रक्षा, लोकतान्त्रिक गणतन्त्रको रक्षा, समावेशी समानुपातिक मान्यतासहित सङ्घीयताको रक्षा गर्ने प्रष्ट उद्देश्य छ। हामीले गठबन्धन बनाउँदै गर्दा प्रष्ट नै गरेका थियौ। त्यसमा हामी प्रतिवद्ध छौ।"

संविधान, लोकतान्त्रिक गणतन्त्र, राष्ट्रियताको रक्षा गर्ने पुनित उद्देश्यका साथ गठबन्धन बनाइएको उहाँको भनाइ छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान, समावेशी र समानुपातिक मान्यतासहित स्थापना भएको लोकतन्त्रको सम्वर्द्धनका लागि पनि आफुहरुको गठबन्धनले जित हासिल गर्नुपर्ने अध्यक्ष दाहालको भनाइ छ।

उहाँले सत्तारुढ गठबन्धनमा रहेका दलका नेता तथा कार्यकर्ताले कुनै दुविधा नराखी एक अर्काको निर्वाचन चिन्हमा मतदान गर्न आग्रह गर्नुभयो। "नेपाली कांग्रेस र कम्युनिस्ट नमिलेको भए पञ्चायती निरंकुशता ढल्ने थिएन। हामीले देखे भोगेको र सहभागी भएकै हो", उहाँले भन्नुभयो "कांग्रेस र कम्युनिस्ट मिलेर नै विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि औपचारिक प्रक्रिया सुरु भएको हो। यो सामूहिक निर्णयका रूपमा आएको हो। जुन दिन शान्ति सम्झौतामा हस्ताक्षर गरियो त्यही दिन, रुख र हसिया हथौडामा एक अर्काले छाप लगाएको हो।"

तत्कालीन सात राजनीतिक दल र माओवादी एक आपसमा नमिलेको भए देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा जान्थ्यो र ? भन्ने प्रश्न उहाँले गर्नुभयो।उहाँले निरंकुशतालाई पराजित गर्ने उद्देश्यका साथ गठन भएको गठबन्धनले स्थानीय तहको निर्वाचनमा चोटिलो प्रहार गरेको तथ्य स्मरण गराउनुभयो। उहाँले कुनै पनि हिन भावना नराखी एक अर्का दलले गठबन्धनका उम्मेदवारलाई खुसी भएर मतदान गर्न आग्रह गर्नुभयो।

आफू राष्ट्रको पक्षमा दह्रोरूपमा उभिएर संविधान जारी गर्न सफल भएको तथ्य पेश गर्दै उहाँले यसपटकको निर्वाचनलाई पनि पूर्णरूपमा सफल बनाउन र एकढिक्का भएर जनतालाई विजयी गराउनुपर्ने बताउनुभयो। निर्वाचन सफल भएपछि गठन हुने गठबन्धनको सरकारले आर्थिक विकासको प्रक्रिया अगाडि बढाउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

# नवौँ राष्ट्रिय खेलकुद: एक सय २८ पदकसहित आर्मीको अग्रता कायमै

कास्की, १ कात्तिक (रासस)।

विभागीय नेपाल आर्मीले गण्डकी प्रदेशमा जारी नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक तालिकामा अन्तर फराकिलो बनाउँदै लगेको छ।

आर्मीले मंगलबार बिहानसम्मको अद्यावधिक विवरणानुसार ६१ स्वर्ण, ३९ रजत र २८ कास्यसहित एक सय २८ पदक जितेर पदक तालिकाको शीर्षस्थानमा छ।

आर्मीले सुरुआतदेखि नै आफ्नो अग्रता बनाएकामा पछिल्लो समय यसलाई फराकिलो बनाउँदै लगेको छ। पदक तालिकाको द्वितीय र तृतीय स्थानमा पनि विभागीय टोली अगाडि छन्। प्रदेशहरूले विभागीय टोलीलाई पछ्याइरहेका छन्।

विभागीय नेपाल पुलिस क्लबले २३ स्वर्ण, १७ रजत र २५ कास्य सहित ६५ पदक जितेर आर्मीलाई पछ्याइरहेको छ। सशस्त्र प्रहरी बलको एपिएफ क्लबले १६ स्वर्ण, २५ रजत र ३३ कास्यसहित ७४ पदक जितेर तृतीय स्थानमा छ।

बागमती प्रदेश पदक तालिकाको चौथो स्थानमा छ। बागमती प्रदेशले १४ स्वर्ण, २२ रजत र २३ कास्य सहित ५९ पदक जितेको छ। आयोजक गण्डकी प्रदेशले हालसम्म १० स्वर्ण, आठ रजत र २० कास्य गरी ३८ पदक हात पारेको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले छ स्वर्ण, छ रजत र चार कास्यसहित १६ पदक जितेको छ।

यसैगरी प्रदेश नं १ ले तीन स्वर्ण आठ रजत र २१ कास्यसहित ३२ पदक जित्दा मधेस प्रदेशले दुई स्वर्ण, तीन रजत र सात कास्यसहित १२ पदक जितेको छ। सुदूरपश्चिम प्रदेशले दुई स्वर्ण, एक रजत र ११ कास्यसहित १४ पदक जित्दा लुम्बिनी प्रदेशले एक स्वर्ण, नौ रजत र १२ कास्यसहित २२ पदक र कर्णाली प्रदेशले एक स्वर्ण, एक रजत र दुई कास्यसहित चार पदक ल्याएको छ। नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत यही असोज २८ देखि प्रतियोगिताका ३६ वटा खेल भइरहेका छन्। राष्ट्रिय खेलकुद आगामी कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ।

**उसु सान्सौमा २४ खेलाडी क्वाटरफाइनलमा**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत सान्सौ र थाउलो दुवै विधाका खेल जारी छन्। आइतबार उद्घाटन भएको प्रतियोगितामा सोमबारदेखि खेल सुरु भएका हुन्। हालसम्म सान्सौतर्फ २४ खेल भएका छन्। पुरुषतर्फ १६ र महिलातर्फ आठ खेलाडी क्वाटरफाइनल प्रवेश गरेको कास्की जिल्ला उसु सङ्घका वरिष्ठ उपाध्यक्ष वीरन्द्र गहतराजले जानकारी दिनुभयो।

महिला ४८ केजीमा सशस्त्र प्रहरीकी गौरी घर्तीमगर र सुदूरपश्चिम प्रदेशकी

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# स्थायी शान्ति र लोकतन्त्रका लागि सत्तागठबन्धनलाई बहुमत दिलाउन प्रधानमन्त्री देउवाद्वारा आह्वान

काठमाडौं, १ कात्तिक (रासस)।
प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्तागठबन्धनलाई प्रचुर मात्रामा बहुमत दिलाएर देशमा स्थायी शान्ति र लोकतन्त्र स्थापनामा सहयोग गर्न आह्वान गर्नुभएको छ। ललितपुर जिल्लास्तरीय वाम-लोकतान्त्रिक गठबन्धनका अगुवा कार्यकर्ता भेलालाई मंगलबार सम्बोधन गर्दै उहाँले आगामी आमनिर्वाचनमा रुख भएको ठाउँमा रुखमा, हसिया हथौडा भएको ठाउँमा हँसिया हथौडामा र कलम भएको ठाउँमा कलम चिन्हमा मतदान गर्न सबैलाई आग्रह गर्नुभयो।

गठबन्धन दलका उम्मेदवारलाई कांग्रेसका सबै नेता कार्यकर्ता तथा आफूले पनि स्थानीय तहको निर्वाचनमा भोट हालेको प्रसङ्ग उल्लेख गर्दै उहाँले आगामी निर्वाचनमा पनि गठबन्धन दलका उम्मेदवारलाई सबैले सबैलाई भोट हाल्ने विश्वास व्यक्त गर्नुभयो। प्रधानमन्त्री देउवाले भन्नुभयो, "संसद बचाउन यो गठबन्धन बनेको हो, यो राम्रो सँग चलेको छ। सबैबाट सहयोग प्राप्त भएको छ। आपसी विश्वास कायम छ। यसका लागि सबैलाई धन्यवाद।"

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुईपटक संसद भङ्ग गर्नुभएको प्रसङ्ग उल्लेख गर्दै उहाँले जनताले चुनेको संसद मन लाग्यो भन्दैमा लहडमा भङ्ग गर्न नपाइने बताउनुभयो। यस्तै नहोस् भनेर नै संविधान बनाउँदा सो बारेमा संविधानमा आवश्यक व्यवस्था उल्लेख गरेको उहाँले जानकारी गराउनुभयो।

लोकतान्त्रिक प्रणालीमा निर्वाचन गर्ने निर्धारित र आवधिक समय हुने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले सोही समयानुसार नै अहिले निर्वाचन हुन लागेको स्पष्ट पार्नुभयो। "हामीले अपनाएको राजनीतिक प्रणाली अनुसार नै अहिले आवधिक निर्वाचन पाँच वर्षमा हुन लागेको हो", उहाँले भन्नुभयो।मुलुकमा एकातिर कोभिड-१९ महामारीको असर र डेङ्गु रोगको सङ्क्रमण तथा अर्कोतिर आर्थिक अवस्थामा देखिएको समस्याका बाबजुद सबैको सहयोगले समाधान उन्मुख भएको उल्लेख गर्दै उहाँले सबै मन्त्रीले राम्रो काम गर्नुभएको बताउनुभयो। त्यसैले नेपाल असफल राज्य हुन बाट बचेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री देउवाले नेपालको अपार संभावना भएको जलस्रोतको दिगो उपयोग गरेर निर्यात गर्न सकिने उल्लेख गर्नुभयो। उहाँले उत्पादित विजुली भारतले किन्ने सहमति भएकाले बजारको समस्या नरहेको र यसैबाट मुलुकले समृद्धि हासिल गर्ने अपेक्षा गर्नुभयो।उहाँले नेपालको संविधान अनुपम रहेको उल्लेख गर्दै सबै मिलेर देश बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। "अहिले मुलुकको आर्थिक अवस्थामा सुधार आएको छ। कोभिड-१९ पनि नियन्त्रण भएको छ। स्थायी शान्तिमा मुलुक गएको छ। जीवन्त प्रजातन्त्र स्थापना भएको छ। कांग्रेसले खोजेकै यही प्रजातन्त्र हो", प्रधानमन्त्री देउवाले भन्नुभयो।

उहाँले सबै वर्ग, क्षेत्र र समुदायको देश भएकाले नै त्यसका लागि समावेशी लोकतन्त्र अपनाएको बताउदै सो कुरा संविधानले व्यवस्था गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्री देउवाले भन्नुभयो, "यो प्रजातन्त्रको सुन्दर पक्ष हो। विश्वमा यस्तो विरलै हुन्छ। यो ठूलो उपलब्धि हो र यसको रक्षा गर्नु सबैको दायित्व हो। हरेकलाई आरक्षण दिइएको छ। सुन्दर देशसँगै सुन्दर पजातन्त्र स्थापना गरेका छौं, सबैको प्रतिनिधित्व सुनिश्चित भएको छ।"

### *प्रत्यक्षतर्फ दुई ...*

शिक्षा सामग्री केन्द्र लिमिटेडमा दैनिक करिब २५ लाख मतपत्र छपाइ गरिरहेको छ। हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत कुल ८९ लाख ९९ हजार मतपत्र छपाइ भइसकेको छ। सोमध्ये प्रदेश सभातर्फ ४७ लाख १५ हजार र प्रतिनिधिसभातर्फ ४३ लाख ४८ हजार रहेको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र यसअघि नै छपाइ भइ वितरण सुरु भइसकेको छ। हालसम्म बागमती, मधेश र प्रदेश-१ का सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी भइसकेको छ। बाँकी प्रदेशमा यही कात्तिक ३ गतेदेखि मतपत्र ढुवानी सुरु हुनेछ।

### *चार लाख ...*

प्रदेशमा थोरै मात्र सङ्ख्याले मात्र स्वास्थ्य बीमा गराएको प्रमुख पौडेलको भनाइ थियो।

त्यस्तै स्वास्थ्य बीमा गराएकाहरूले पनि पुनः दर्ता नगराउने, स्वास्थ्य बीमा गराएका व्यक्तिहरूले पनि उपचार नपाउनेजस्ता कारणले बीमाप्रति सर्वसाधारणको रुचि नबढेको प्रमुख पौडेलले बताउनुभयो। नेपालको संविधान २०७२ ले गुणस्तरीय स्वास्थ्य सेवा पाउनु आम जनताको मौलिक हकका रूपमा रहेकाले स्वास्थ्यमा आम जनताको पहुँच बढाउने उद्देश्यले सरकारले स्वास्थ्य विमालाई ठूलो माध्यम बनाएको छ।

विसं २०७४ माघ २५ गते मधेस प्रदेशको महोत्तरी जिल्लाबाट स्वास्थ्य बीमा कार्यक्रम लागू गरेर अहिले प्रदेशको आठवटै जिल्लामा सो कार्यक्रम लागू रहेको उहाँले बताउनुभयो।

### *नवौं राष्ट्रिय ...*

अस्मिताकुमारी गाहामगर क्वाटरफाइनलमा पुग्नुभयो। उहाँहरूले क्रमशः बागमती प्रदेशका सन्जिता ग्लान र मधेस प्रदेशका कञ्चन पाललाई पराजित गर्नुभयो। थाउलोमा पुरुष र महिलातर्फ समान स्वर्ण चार, रजत चार र कास्य चारका लागि खेल हुनेछ। प्रतियोगिताका विभिन्न इभेन्टमा करिब तीन सय ४० खेलाडी सहभागी छन्। उसमा सात प्रदेशका सात टिम र तीन विभागीय गरी १० टिमको सहभागिता छ। एनआरएनएको खेलाडी उसमा सहभागी छैन।

# एमालेबाट समानुपातिक उम्मेदवार बेनकी महतो कांग्रेसमा प्रवेश

महेन्द्रनगर धनुषा, १ कात्तिक (रासस)।
नेकपा (एमाले)बाट मधेस प्रदेशसभा सदस्यमा समानुपातिकतर्फ उम्मेदवार बनेकी नेत्री फूलकुमारी महतो नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ। महतो अखिल महिला संघको सचिवालय सदस्यसमेत हुनुहुन्छ।

महतोलाई कांग्रेसका सहमहामन्त्री, पूर्वमन्त्री तथा धनुषा नम्बर-४ मा सत्तागठबन्धनको तर्फबाट उम्मेदवार बनेका महेन्द्र यादवले पार्टीमा प्रवेश गराउनुभएको छ। सो अवसरमा महतोले भने मधेसको पक्षधर, लोकतन्त्र र गणतन्त्रको रक्षा गर्ने एकमात्र पार्टी कांग्रेस रहेको महसुस गर्दै आफू कांग्रेसमा प्रवेश गरेको बताउनुभयो।

जनताको सुखदुःखमा साथ रहनु नै एउटा सच्चा नेताको जिम्मेवारी हुने भन्दै उहाँले त्यो प्रमाणित गर्न पनि आफू मधेसको पक्षमा उभिँदै कांग्रेसमा प्रवेश गरेको बताउनुभयो। "मुलुकमा सबैभन्दा बढी नागरिकताविहीन मधेसमै छन् र अहिले मधेसको मुख्य मुद्दा पनि नागरिकता नै हो", महतोले भन्नुभयो। कांग्रेस सहमहामन्त्री यादवले महतोलाई कांग्रेसमा प्रवेश गरेकामा बधाई दिँदै मधेसका मुद्दालाई थप सशक्त ढङ्गले उठाइने प्रतिबद्धता जनाउनुभयो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## शान्ति सैनिकमाथि भएको आक्रमणको निन्दा

संयुक्त राष्ट्रसङ्घ, १ कात्तिक (रासस/सिन्ह्वा)।
संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सोमबार मालीमा राष्ट्रसङ्घीय शान्ति सेनामाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेको छ। आक्रमणमा तीन शान्ति सैनिक मारिएका थिए भने तीन जना घाइते भएका थिए। परिषद्ले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै सुरक्षा परिषद्का सदस्य राष्ट्रले पीडित परिवारका साथै चाडप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गरेका छन्। साथै उनीहरूले घाइतेको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गरेका छन्।

परिषद्का सदस्य राष्ट्रले मालीको सङ्क्रमणकालीन सरकारलाई आक्रमणको तुरुन्त अनुसन्धान थाल्न, दोषीलाई न्यायको दायरामा ल्याएर जवाफदेही शासन व्यवस्था प्रवर्द्धन गर्न र सम्बन्धित सेना योगदान गर्ने देशलाईप्रगतिबारे जानकारी दिन आग्रह गरेका छन्। शान्ति सेनालाई लक्षित गरी आक्रमण गर्दा अन्तर्राष्ट्रिय कानून अन्तर्गत युद्ध अपराध हुनसक्ने, सबै प्रकारका आतङ्कवाद अन्तरराष्ट्रिय शान्ति-सुरक्षाका लागि सबैभन्दा गम्भीर चुनौती भएकामा जोड दिँदै परिषद्ले मालीको सुरक्षास्थितिबारे पनि चासो एवम् चिन्ता व्यक्त गरेका छन्।

## गरिबी उन्मूलनका निम्ति तत्काल कदम चाल्न महासचिवको आह्वान

संयुक्त राष्ट्रसङ्घ, १ कात्तिक (रासस/सिन्ह्वा)।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गरिबी उन्मूलनका निम्ति तत्काल विश्वव्यापी कदम चाल्न आह्वान गर्नुभएको छ। अन्तरराष्ट्रिय गरिबी उन्मूलन दिवसका अवसरमा दिनुभएको भिडियो सन्देशमा उहाँलेविश्वका लाखौं जनता कोभिड-१९ का कारण गरिबीतर्फ धकेलिएका, चार वर्षभन्दा बढी समयको मेहनतले प्राप्त प्रगतिलाई पछाडि धकेलेको, असमानताका खाडल अझ फराकिला भएका, राष्ट्रियएवम् घरेलु अर्थतन्त्रमा रोजगारीका अवसर गुमेको, खाद्यान्न र ऊर्जाको मूल्य बढ्दा र विश्वव्यापी मन्दीको छायामा वर्तमान विश्व रूमल्लिएको वास्तविकता प्रस्तुत गर्नुभयो।

एकै समयमा जलवायु सङ्कट र उग्र द्वन्द्वले ठूलो पीडा निम्त्याइरहेको, सबैभन्दा अधिक पीडा गरिब जनताले भोगिरहेका, विकासोन्मुख देश आर्थिक वृद्धिका निम्ति लगानीका स्रोत र ऋण राहतमा पहुँच बढाउन असमर्थ हुँदादिगो विकास लक्ष्य हासिल गर्न कठिन भएको उहाँले बताउनुभयो। महासचिवले स्वास्थ्य र सभ्य काम, लैङ्गिक समानता, सामाजिक सुरक्षा, खाद्य सुरक्षा रशिक्षामा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो। रोजगारी सिर्जना गर्ने हरित अर्थतन्त्रमा लगानी बढाउन अपरिहार्य भएको अभिमत पनि उहाँले सन्देशमा व्यक्त गर्नुभएको छ। राष्ट्रसङ्घीय महासभाका अध्यक्ष कासाबा कोरोसीले पनि जलवायु परिवर्तन, कोभिड-१९, सबै खाले द्वन्द्वका साथैयुक्रेन युद्धको अन्त्यबाट विश्व शान्ति प्रवर्द्धन तथागरिबी उन्मूलनमा सहयोग पुग्ने बताउनुभयो।

## दक्षिण कोरियामा कोभिड-१९ का संक्रमितफेरि बढे

सोल, १ कात्तिक (रासस/सिन्ह्वा)।
दक्षिण कोरियामा २४ घण्टाअघिको तुलनामा सोमबार मध्यरातसम्म ३३ हजार दुई सय ४८ कोभिड-१९ नयाँ सङ्क्रमित देखिएका छन्। हाल कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ५१ लाख ६४ हजार छ सय ९५ पुगेको स्वास्थ्य अधिकारीले मङ्गलबार जानकारी दिएका छन्। कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)का अनुसार अघिल्लो दिनको तुलनामा ११ हजार ४० बढेको थियो। एक हप्ताअघि १५ हजार चार सय ६६ भन्दाबढी थियो।

गत हप्ताकोपुष्टि भएका केसको दैनिक औसत सङ्ख्या २४ हजार दुई सय ३६ थियो। नयाँ केसमध्ये, ८७ विदेशबाट आयात भएका छन्। गम्भिर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा एकले घटेर दुई सय ४७ पुगेको छ। यस प्रकोपको कारण थप छ जनाको मृत्युको पुष्टि भएपछि कुल मृतकको सङ्ख्या २८ हजार आठ सय ५६ पुगेको जनाइएको छ। कुल मृत्यु दर ०.११ प्रतिशत रहेको बताइएको छ।

## सुरक्षा कारबाहीमा पाँच जना लडाकूमारिए

कुन्दुज, १ कात्तिक (रासस/सिन्ह्वा)।
अफगानिस्तानको उत्तरी कुन्दुज प्रान्तमा आइएस वा इस्लामिक स्टेट्स (आईएस) सङ्गठनका सदस्य लुकेको ठाउँलाई लक्षित गरी शुरु गरेको कारबाहीको क्रममा पाँच विद्रोहीको मृत्यु भएको प्रान्तीय प्रहरी प्रवक्ता अविदुल्लाह अबिदीले बताउनु भएको छ।

आतङ्ककारी लुक्ने ठाउँमा मंगलबार बिहान आक्रमण गर्दा पाँच जनाको घटनास्थलमा नै मृत्यु भएको अबिदीले पत्रकारलाई बताउनु भएको हो। सुरक्षाबलले गरेको कारबाहीमा सशस्त्र विद्रोही बनाएका दुष्ट योजनालाई विफल भएको बताइएको छ। गत वर्ष केही घातक बम विस्फोटको जिम्मेवारी लिएका कट्टरपन्थी इस्लामिक स्टेट्स सङ्गठनले अहिलेसम्म कुनै टिप्पणी गरेको छैन।

# मधेश प्रदेश क्रिकेट छनोट खेलमा सिरहा र धनुषा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १ कातिक ।**

पाँचौ संस्करणको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता अन्तर्गत मधेश प्रदेश सिनियर एकदिवसिय क्रिकेट छनोटमा सिरहा र धनुषा बिजयी भएका छन ।

सप्तरी क्रिकेट सघको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको सहयोगमा मंगलवार राजबिराजमा सम्पन्न छनोट खेलमा सिरहाले सप्तरीलाई ६४ रनले र धनुषाले महोतरीलाई ४ बिकेटले पराजित गरेको छ ।

स्थानिय पबिमावि खेलमैदानमा टस जितेर सिरहाले निर्धारित ५० ओभरको खेलमा ३८ ओभर ३ बलमा १० बिकेट गुमाई १७५ रन बनाएको थियो । जसमा रूपेश सिँह ४३ रन, राकेश कामैत ४१ रन जोडे। बलिंग तर्फ सप्तरीका अजय यादब ४ पप्पु यादब ३ र बिकास दास २ बिकेट हात पारे ।

जवाफमा सप्तरीले ३४ ओभरमा सबै बिकेट गुमाई १ सय ११ रनमै सिमित रहे। जसमा अमित यादब २९ र रोहित सिँह अविजित २० रन बनाएका थिए ।

बलिङ्गतर्फ सिरहाका प्रदिप पासवान ४ मनोज यादब २ र रूपेश सिंहले १ बिकेट लिए । खेलको म्यान अफ दि म्याच सिरहाका प्रदिप पासवान घोषित भएका थिए ।

त्यस्तै मंगलबारै सम्पन्न दोश्रो खेलमा महोत्तरीले टस जितेर ४२ ओभरमा १० बिकेट गुमाई १ सय २४ रनको योगफल खडा गरेको थियो । जसमा नवीन यादब ३६ र बिनोद सहनी ३० रन जोडे । बलिंग तर्फ धनुषाका दिव्यान्सु मलिक र आकाश रायले समान्य ४/४ बिकेट हात पारे भने हरिशंकर साहले १ बिकेट लिए ।

जवाफमा धनुषाले ३० ओभर २ बलमा ६ बिकेट गुमाई बिजय हात पारेको थियो । जसमा विशाल सुश्लिंगले ४३ रन र परसुराम यादबले ३० रन बनाएका थिए । बलिंग तर्फ महोतरीका रमेश सहनी २ र नितेश यादब र अभिषेक तिवाडीले १/१ बिकेट हात पारे । सो खेलको म्यान अफ दि म्याच आकाश राय घोषित भएको सप्तरी क्रिकेट सँघले जनाएको छ ।

# वायुसेवा निगमले तिऱ्यो कोषलाई ७३ करोड

काठमाडौँ, १ कात्तिक (रासस) ।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ता वापतको रु ७३ करोडभन्दा बढी भुक्तानी गरेको छ । निगमले जहाज खरिद बापत दुई कोषलाई तिर्नुपर्ने ऋण दायित्वको भुक्तानी अन्तर्गत पछिल्लो पटक असोज ३१ गते रु ७३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरेको निगमका सह-प्रवक्ता गणेशकुमार घिमिरेले जानकारी दिनुभयो ।

निगमका अनुसार कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट जहाज खरिदका निम्ति ऋण लिएकोमा कर्मचारी सञ्चय कोषको हकमा न्यारोवडी जहाज खरिदको सावाँ र ब्याज वापतको रु.५३ करोड नौ लाख ५५ हजार २८१ भुक्तानी गरिएको छ । त्यसैगरी, नागरिक लगानी कोषको हकमा पनि बाइडबडी जहाज खरिद गर्दाको ऋण दायित्वको किस्ता वापतको रु २० करोड किस्ता बापतको रकम भुक्तानी गरिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

निगमले यसअघि गत आसार ३० गते दुबै कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ता वापतको रु एक अर्ब ३५ करोड भुक्तानी गरिएको जनाएको छ । पछिल्ला दिनमा नियमित उडान, अकुपेन्सी दरमा सुधार आई आम्दानीमा वृद्धि भएको निगमले नियमितरूपमा ऋण दायित्वको भुक्तानी गर्न सफल भएको सह-प्रवक्ता घिमिरेले बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय उडानका चारवटै जहाज पूर्णक्षमतामा नियमित उडान भइरहेकाले निगमको आम्दानीमा सुधार आएको बताउनुभयो । निगमले वाइड बडी ए-३३० र न्यारोबडी ए-३२० जहाज खरिदका दुबै चरणमा गरेर करिब रु ३७ अर्ब ऋण लिएको थियो । सावा र ब्याज बढेर भुक्तानी दायित्व झण्डै ४५ अर्ब पुगेको बताइन्छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


# मुलुकलाई स्थिरतातर्फ लैजान गठबन्धन : अध्यक्ष नेपाल

काठमाडौँ, १ कात्तिक (रासस) ।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले गणतन्त्रको स्थायीत्व र संविधान जोगाउन वर्तमान गठबन्धन बनेको प्रष्ट पार्नुभएको छ ।

ललितपुरमा मंगलबार आयोजित वाम-लोकतान्त्रिक गठबन्धनका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले दुईदुई पटक संसद् विघटन गरेर संविधान कुल्चनेका विरुद्ध गठबन्धन बनेको बताउनुभयो । “दुईदुई पटक संसद् विघटन गरेर संविधान कुल्चने काम भयो, मुलुकलाई अस्थिरतातर्फ लैजाने कोशिस भयो”, उहाँले भन्नुभयो, “त्यसको विपक्षमा हामी उभियौँ, संविधान र लोकतन्त्र पनि जोगायौँ ।”

संविधानको आफूखुसी व्याख्या गर्दै मुलुकलाई तानाशाही व्यवस्थामा लैजाने प्रवृत्तिलाई आफूले असफल पारेको उहाँको भनाइ थियो । “गणतन्त्र मास्ने अभियान सुरु हुन खोज्दै थियो”, पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, “हामीले देशलाई अस्थिरताबाट जोगाएर स्थिरतातर्फ लिएर गयौँ ।”

जनताको बलमा प्राप्त उपलब्धिलाई जोगाउँदै मुलुकलाई स्थिरतातर्फ लैजाने पवित्र उद्देश्यका साथ वाम र लोकतान्त्रिक पार्टीबीचको गठबन्धन बनाइएको उहाँको भनाइ थियो । “वाम र लोकतान्त्रिक शक्ति एकताबद्ध भएको लामो परम्परा छ”, अध्यक्ष नेपालले भन्नुभयो, “विगतमा वाम र लोकतान्त्रिक शक्ति मिलेर राणा शासन, पञ्चायत र राजसंस्थाको अन्त्य गरियो ।”

संविधानको रक्षा गर्न बनेको गठबन्धनलाई लक्षित गर्दै विपक्षीले लगाएको आरोपको सबै मिलेर खण्डन गर्नुपर्नेमा जोड दिँदै उहाँले विपक्षी गठबन्धनलाई काउन्टर जवाफ दिन निर्देशन दिनुभयो । तथ्य अगाडि सारेर तर्कपूर्ण ढङ्गले गलत कुरालाई खण्डन गर्नुपर्ने उहाँको भनाइ थियो । “हाम्रो सहकार्य जति सशक्त हुँदै जाने छ । जति समन्वय गर्दै जाने छौँ”, उहाँले भन्नुभयो, “जति जनताको माझमा पुग्ने छौँ । त्यति विजय सुनिश्चित हुने छ ।”


## चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
## चाडपर्वमा फजुल खर्च नगरौं।

## हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं।
## मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*